नेपाल प्रेस इन्स्टिच्यूस्ट

Nepal
Press
Institute

P.O. Box: 4128, Kathmandu, Nepal
Tel: 4264155, 4266418
Fax00977-1-4264154
npiktm@wlink.com.np
www.npiktm.org

# प्रेस विज्ञप्ति

## रजत वर्षको अवसरमा अन्तर्राष्ट्रिय मापदण्डको परिवर्द्धित पाठ्यक्रम

नेपाल प्रेस इन्स्टिच्यूटले आफ्नो स्थापनाकालदेखि सञ्चालन गर्दै आइरहेको र पत्रकार जगतमा विश्वसनीयता आर्जन गर्दै आएको दश महिने पत्रकारिता प्रशिक्षण कार्यक्रम यस वर्षदेखि पच्चीसौं वर्षमा प्रवेश गर्दैछ । व्यावसायिक पत्रकारिताको लागि दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ सुरु गरिएको यस तालिम कार्यक्रमको सफलताका निम्ति समग्र मिडिया जगत् र शुभचिन्तकहरूले पुऱ्याउनु भएको योगदानप्रति आभार व्यक्त गर्दछौं ।

नेपाल प्रेस इन्स्टिच्यूटले दश महिने तालीमको पाठ्यक्रमलाई समयानुकूल परिमार्जन गर्दै आएको छ । साढे दुई दशकको पत्रकारिता प्रशिक्षणको अनुभव र आजको नेपाली मिडियाको आवश्यकताका आधारमा यस वर्षदेखि अन्तर्राष्ट्रिय मापदण्ड अनुकुल हुने गरी पाठ्यक्रम र प्रशिक्षण विधिलाई परिवर्द्धन गरिएको छ । आउने सत्रदेखि यस पाठ्यक्रमलाई अझ बढी व्यवहारिक, प्रयोगात्मक र प्रविधि उन्मुख बनाइएको छ ।

२०६६ जेठ २५ देखि सुरु गरिने नयाँ वर्षको शैक्षिक सत्रमा आधुनिक पत्रकारिताका लागि आवश्यक पर्ने दक्ष जनशक्ति तयार पार्न यस पाठ्यक्रमलाई छापादेखि अनलाइनसम्मको सीप उपलब्ध गराउने गरी विकास गरिएको छ ।

नयाँ सत्रको लागि बैशाख २१ गतेदेखि फारम वितरण हुँदैछ । नेपाल प्रेस इन्स्टिच्यूटको कार्यालय समय विहान ९:३० बजेदेखि साँझ ५ बजेसम्म फारम उपलब्ध हुनेछ । थप जानकारीका लागि ४२६४१५५/ ४२६६४१८ मा सम्पर्क गरी बुझ्न सक्नुहनेछ ।

नेपाली मिडियाको दक्षता विकासका निम्ति समर्पित भइरहन नेपाल प्रेस इन्स्टिच्यूट प्रतिवद्ध छ ।

लाल देउसा राई
का.वा. अध्यक्ष
२५ बैशाख २०६६